annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४७ पृष्ठ ८ | काठमाडौं, शनिबार २७ पुस २०८१ | पौष शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४५ | SATURDAY, JANUARY 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## राष्ट्रिय फल सुन्तला, कहिले हुने आत्मनिर्भर ?

पूर्व मेचीदेखी पश्चिम महाकालीको मध्यपहाडी सबै जिल्लामा सुन्तला खेती हुन्छ । वार्षिक २४ अर्बको कारोबार हुन्छ । तर, धेरैलाई थाहा नहुन सक्छ, सुन्तला राष्ट्रिय फल हो भन्ने कुरा । किनकि, सरकारले राष्ट्रिय फल घोषणा गरे पनि, यसको प्रवर्द्धन र प्रचारप्रसारमा ध्यान दिएकै छैन । त्यसैकारण राष्ट्रिय फल घोषणा भए पनि सुन्तला आयात रोकिएको छैन । जबसम्म आयात ठप्प हुने र अरू देशमा सुन्तला निर्यात हुने अवस्था आउँदैन, तबसम्म सुन्तला राष्ट्रिय फल घोषणाको अर्थ नहुने जानकारहरू बताउँछन् ।



**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

सुन्तलाका लागि प्रख्यात गोरखाको मनकामना ढाँडबारीस्थित सुन्तला बगैंचा । ● शिव उप्रेती

## मधेसमा सरकारी स्तरबाटै सुरु भयो ‘डाक्टरी पढाइ’



मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रस्तावित संरचना ।

**गोविन्द महतो** | *जनकपुरधाम*

मधेसमा सरकारी स्तरबाटै चिकित्साशास्त्रमा स्नातक (एमबीबीएस) को अध्ययन, अध्यापन सुरु भएको छ। मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानले पुस २५ गते देखि एमबीबीएसको अध्ययन/अध्यापन सुरु गरेको हो। चिकित्सा शिक्षा आयोगले चिकित्सा शास्त्रमा एमबीबीएसका लागि ५० सिट निर्धारण गरेको थियो। त्यससँगै मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानले पहिलोपटक अध्यापन थालेको हो।

सरकारीस्तरबाट पहिलोपटक चिकित्साशास्त्रतर्फ अध्ययन-अध्यापन सुरु भइसकेको प्रतिष्ठानका रजिस्ट्रार डा. विनोदकुमार यादवले जानकारी दिए। उनले ५० सिटमध्ये ७५ प्रतिशत पूर्ण छात्रवृत्तिका लागि छुट्ट्याइएको जानकारी दिए। ‘छात्रवृत्तिमा मधेस प्रदेशका बहुसंख्यक विद्यार्थीले अवसर पाएका छन्,’ उनले भने, ‘ मधेस प्रदेशका लागि यो कोसेढुंगा सावित हुने विश्वास छ। एमबीबीएसको पढाइ सञ्चालन धेरै महत्त्वपूर्ण जिम्मेवारी हो।’

एमबीबीएसको अध्ययन/अध्यापन सुरु भएसँगै प्रादेशिक राजधानी जनकपुरधामलगायत मधेस प्रदेशको स्वास्थ्य सेवामा समेत गुणात्मक सुधार आउने प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुनप्रसाद सिंह बताउँछन्। ‘हाम्रो जनशक्ति अभावको समस्यालाई अब प्रतिष्ठानले पूरा गर्छ,’ सिंहले भने, ‘स्वास्थ्य क्षेत्रमा सोचेभन्दा धेरै फड्को मार्नेछौं।’

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले एमबीबीएस तहको जनशक्ति उत्पादन बढेपछि जनकपुरधाम शिक्षाको हब बन्ने विश्वास व्यक्त गरे। ‘एमबीबीएस पठनपाठन सुरु गराउन आवश्यक तयारी गरेकोमा मुख्यमन्त्री सतिश सिंहसहित प्रतिष्ठानका उपकुलपति डा. अंकुर साह, रजिस्ट्रार डा. विनोद यादवलगायतलाई बधाई छ,’ उनले भने।

**यसरी सम्भव भयो प्रतिष्ठान**

व्यवस्थापनको अभावमा अस्पताल दुर्गन्धित थियो। अस्पतालका डेलिभरी, सर्जिकल, ओपीडीलगायत सबै कक्ष फोहोर थिए।

» बाँकी पृष्ठ ६

## दुम्कीबासमा पुल भासियो, पूर्व-पश्चिम राजमार्ग अवरुद्ध

**रमेश बस्ताकोटी** | *नवलपुर*



पूर्व–पश्चिम राजमार्गअन्तर्गत नवलपुरको दुम्कीबासमा पुल भासिँदा राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ। शुक्रबार अपराह्न सवा ५ बजे पुल भासिँदा राजमार्ग अवरुद्ध बनेको इलाका प्रहरी कार्यालय दुम्कीबासका प्रमुख प्रहरी निरीक्षक राजनप्रसाद तिम्सिनाले जानकारी दिए।

उनका अनुसार पुल भासिएपछि बाटो पूर्णरूपमा अवरुद्ध छ। वैकल्पिक बाटो बनाएर यातायात सञ्चालन गर्ने तयारी भइरहेको उनले बताए। ‘केही समय लाग्छ, हामी विकल्प खोज्दै छौं,’ उनले भने।

नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखरेलले वैकल्पिक बाटो निर्माण गर्नुपर्ने भएकाले सडक सञ्चालन हुन केही समय लाग्ने बताए। ‘डाइभर्सन बनाउनुपर्ने हुन्छ, कम्तीमा ६/७ घण्टा लाग्न सक्छ,’ पोखरेलले भने। सडक डिभिजनको टोली पुगेर वैकल्पिक बाटोको सम्भाव्यता खोजिरहेको उनको भनाइ छ। क्षमताभन्दा बढी सामान बोकेको लरी पार गर्ने क्रममा पुल भासिएको थियो। बुधबारदेखि नै दाउन्नेमा सडकको खराब अवस्थाका कारण यात्रुहरूले सास्ती खेप्नु परेको थियो। शुक्रबार अपराह्न पुल भासिएपछि सो मार्ग हुँदै यात्रा गर्ने यात्रुहरूले थप सास्ती भोगिरहेका छन्।

